प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

## सिलवन्दी दरभाउपत्र आब्हानको सूचना नं. २/२०७५/०७६

(प्रथम पटक प्रकाशित मिति २०७५/०९/०३)

यस कार्यालयको लागि तल उल्लेखित सामानहरु सिलवन्दी दरभाउपत्रबाट खरिद गर्नु पर्ने भएकोले सो सामान सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका सम्बन्धित विक्रेता वा सप्लायर्सबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक सिलवन्दीदरभाउपत्र पेश गर्न आब्हान गरिन्छ।

| क सं | प्याकेज | कार्यको विवरण | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फाराम खरिद मूल्य |
|---|---|---|---|---|
| १ | १ | **Printing Work as per specifications** | रु.४५,०००/०० | १०००/०० |
| २ | २ | **Stationary Supply Work** | रु.३१,१००/०० | १०००/०० |

(१) दरभाउपत्र सम्बन्धी कागजात (Document) खरिद गर्न चाहने ईच्छुक सम्वन्धित विकेता वा सप्लायर्सले व्यवसाय दर्ता प्रमाणपत्र र आ.व. २०७४/०७५ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी लिखित आवेदन सहित दरभाउपत्र फाराम यस परीक्षा नियन्त्रण कार्यालयबाट वेग्ला वेग्लै प्याकेजको रु. १०००।- (फिर्ता नहुने गरी) राष्ट्रिय बाणिज्य बैक, सानोठिमी, भक्तपुरमा रहेको हि.नं. १७३००००११०१ खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचार बुझाइ प्रथम पटक प्रकाशित भएको मितिले **१५ दिन भित्र (मिति २०७५ साल पौष १७ गतेसम्म**) कार्यालय समयमा खरिद गर्न सकिनेछ।

(२) विडवण्ड रकम राष्ट्रिय बाणिज्य बैक, सानोठिमीमा रहेको परीक्षा नियन्त्रण कार्यालयको **धरौटी हि.नं. १७३०००२६४४०१** खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बरावरको यस कार्यालयको नाममा ईजाजत प्राप्त कुनै वाणिज्य बैंकबाट दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ (पचहत्तर दिन) अवधि भएको र कामको विवरण समेत खुलाएको सक्कल बिडबण्डपेश गर्नुपर्नेछ। दरभाउपत्र स्वीकृत भएपछि नियमानुसार हुन आउने रकमको बैंक भौचर वा सो वरावरको कम्तिमा १ बर्षको लागि मान्य परफरमेन्स वण्ड सम्झौता गर्दा पेश गर्नुपर्नेछ।

(३) सिलवन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्रमा सम्वन्धित दरभाउपत्रदाताको सहीछाप, व्यवसाय दर्ता एवं नविकरण, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.वं. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी कागजातहरु संलग्न राखी खाम बन्दी गरी लाहाछाप लगाई **मिति २०७५ साल पौष महिना १८ गते दिनको १२:०० बजे भित्र** यस कार्यालयमा दरभाउपत्रदाता आफै वा आधिकारिक प्रतिनिधि मार्फत दरभाउपत्र दर्ता गराई सक्नु पर्ने छ। दाखिला भएका दरभाउपत्रहरु सोही दिन **दिउँसो १:०० बजे** दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

(४) सिलवन्दी दरभाउपत्रमा दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बिच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। दररेटमा केरमेट भएमा दरभाउपत्रदाताको सहीछाप अनिवार्य हुनु पर्नेछ।म्याद नाघी आएको र रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

(५) एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।

(६) सिलवन्दी दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले दरभाउपत्रमा उल्लेख गरिएको कामको सम्वन्धमा राम्ररी बुझि सिलवन्दी बोलपत्र भरेको मानिने छ।

(७) सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस परिषद्मा सुरक्षित रहनेछ।

(८) सिलवन्दी दरभाउपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

(९) सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

(१०) यस सम्वन्धमा थप केही वुझ्नु परेमा यस कार्यालयको स्टोर शाखामा कार्यालय समय भित्र आई वुझ्नसकिने छ। सम्पर्क फोन नं: **01 - 6630342 ext. 210**

**परीक्षा नियन्त्रक**